# गलकोटपत्र

‘स्थानीय सञ्चार, समुदायका लागि शक्ति र अवसर’

Galkotpatra Weekly साप्ताहिक






○ वर्ष १६ ○ अङ्क ३२ ○ २०८३ असोज २६ गते सोमबार ○ नेपाल संवत ११४६ ○ 12 October 2026, Monday ○ पृष्ठ ६ ○ मूल्य रु. ८


## कार्यसम्पादनमा गलकोट प्रथम

गलकोटपत्र/हटिया

जिल्ला समन्वय समिति बागलुङले आर्थिक वर्ष २०८२/८३ मा गरेको मूल्याङ्कनमा गलकोट नगरपालिका जिल्लाकै प्रथम हुँदै सम्मानित भएको छ ।

बागलुङका स्थानीय तह, संघीय तथा प्रादेशिक सरकारी कार्यालय र गैरसरकारी संस्थाले आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरेका विकास निर्माण योजना तथा कार्यक्रमको वार्षिक समीक्षा गोष्ठीका अवसरमा जिल्ला समन्वय समितिले उत्कृष्ट कार्यसम्पादन गर्ने स्थानीय तह तथा कार्यालयलाई सम्मान गरेको हो ।



स्थानीय तहतर्फ नगरपालिकामा गलकोट नगरपालिका र गाउँपालिकातर्फ तमानखोला गाउँपालिका उत्कृष्ट घोषित भएका छन् । त्यस्तै, संघीय कार्यालयतर्फ राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यालय र प्रादेशिक कार्यालयतर्फ जनस्वास्थ्य कार्यालय, बागलुङ उत्कृष्ट कार्यसम्पादनका लागि सम्मानित भएका छन् ।

स्थानीय तहको वित्तीय अवस्था तथा कार्यसम्पादन मूल्याङ्कनका लागि तयार गरिएका विभिन्न सूचकका आधारमा उत्कृष्ट स्थानीय तह छनोट गरिएको जिल्ला समन्वय समितिले जनाएको छ। तोकिएको समयमा सभामा बजेट पेस तथा पारित गरेको अवस्था, आन्तरिक राजस्व संकलनमा हासिल गरेको प्रगति, पूँजीगत खर्च तथा कुल खर्चको प्रगति र हालसम्मको कुल सञ्चित बेरुजुलगायतका सूचकलाई मूल्याङ्कनको आधार बनाइएको जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले जानकारी दिऐ ।

संघीय तथा प्रादेशिक कार्यालयलाई सेवा प्रवाह, कार्यसम्पादन र कार्यालय व्यवस्थापनका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट छनोट गरिएको जिल्ला समन्वय समितिका सूचना अधिकारी दुर्गाप्रसाद शर्माले बताउए ।

सम्मान ग्रहण गर्दै गलकोट


»» बाँकी पृष्ठ ४ मा".


## बाढी प्रभावित क्षेत्रको अवलोकन

गलकोटपत्र/हटिया

बागलुङ क्षेत्र नं. २ का संघीय सांसद सोम शर्माले दरमखोलाको बाढीबाट प्रभावित तटीय क्षेत्रको स्थलगत अवलोकन गरेका छन ।

गत असोज ९ गतेदेखि ११ गतेसम्म परेको अविरल वर्षाका कारण दरमखोलामा आएको बाढीले पुऱ्याएको क्षतिको अवस्था बुझ्न सांसद शर्माले प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरेका हुन ।

अवलोकनका क्रममा उनले दरमखोला आसपासका बाढी प्रभावित बस्ती, पुल, घर, वडा कार्यालय तथा विभिन्न भौतिक संरचनामा पुगेको क्षतिको अवस्थाबारे जानकारी लिएका थिए । उनले गलकोट–ताराखोला सडकखण्डको अवस्थाबारे अवलोकन समेत गरेका थिए ।

स्थलगत अवलोकनपछि बोल्दै सांसद शर्माले विपद्को समयमा सबै पक्ष एकजुट भएर प्रभावित नागरिकको उद्धार, राहत तथा पुन:स्थापनामा जुट्नुपर्ने बताए । उनले विपद्का कारण जनधनको क्षति व्यहोरेका नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गरेका थिए ।

दरमखोलामा आएको बाढीका कारण गलकोट क्षेत्रमा मानवीय क्षती नभएतापनि ठुलो भौतिक क्षेती भएको थियो ।


## शुभकामना

विजया दशमी २०८३ को पावन अवसरमा सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, शेयर सदस्य, रेडियो सदस्य, सञ्चारकर्मी श्रोता, पाठक, ग्राहक, लेखक, विज्ञापनदाता एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि तथा दीर्घायुको लागि मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

शर्मिला रोका मगर
स्टेशन प्रमुख

वीरबहादुर चोखाल
सचिव

वीरेन्द्र श्रेष्ठ
अध्यक्ष

गलकोटपत्र साप्ताहिक | सामुदायिक रेडियो गलकोट

गलकोट सूचना तथा संचार सहकारी संस्था लि.
गलकोट नगरपालिका-३ बागलुङ


## आगामी अंक कात्तिक ९ गते सोमबार

## सहकारी परामर्श तथा अन्तरक्रिया

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्वर ३ हटियामा वर्तमान अवस्थामा सहकारी संस्थासम्बन्धी ऐन, नियम तथा समसामयिक विषयमा परामर्श तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

गलकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड, बागलुङ शाखाको प्राविधिक सहयोगमा सहकारी क्षेत्रमा देखिएका समसामयिक विषय, सहकार ीसम्बन्धी ऐन, नियम तथा संस्थाको व्यवस्थापनका विषयमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो

कार्यक्रममा सहभागी सहकारीकर्मीहरूलाई राष्ट्रिय सहकारी बैंकका तालिम विभाग अधिकृत नारायण बेलबासेले सहकारीसम्बन्धी विद्यमान कानुनी व्यवस्था, ऐन तथा नियमका प्रावधान, सहकारी संस्थाले पालना गर्नुपर्ने प्रक्रिया तथा वर्तमान अवस्थामा सहकारी क्षेत्रले अपनाउनुपर्ने व्यवस्थापनका विषयमा सहजीकरया गरेका थिए ।

प्रशिक्षणका क्रममा सहकारी संस्थाको सञ्चालनलाई प्रभावकारी, व्यवस्थित तथा कानुनसम्मत बनाउनुपर्नेमा जोड दिइएको थियो । सहभागी सहकारीकर्मीहरुले सहकारी क्षेत्रमा देखिएका समस्या, चुनौती तथा ऐन नियम कार्यान्वयनका क्रममा आइपर्ने विषयमा जिज्ञासा राखेका थिए । कार्यक्रममा सहभागीका जिज्ञासामाथि समेत छलफल तथा अन्तरक्रिया गरिएको थियो ।

कार्यक्रम गलकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष हरिसिंह भण्डारी क्षेत्रीको अध्यक्षता र कोषाध्यक्ष वीरेन्द्र श्रेष्ठले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गरेका थिए भने सचिव वीरबहादुर बोहोरा क्षेत्रीले कार्यक्रमको सञ्चालन गरेका थिए ।

कार्यक्रममा गलकोट क्षेत्रका सहकारीकर्मीहरूको सहभागिता रहेको थियो । पछिल्लो समय सहकारी संस्थाहरूलाई थप व्यवस्थित, पारदर्शी र कानुनी व्यवस्थाअनुसार सञ्चालन गर्न आवश्यक रहेको अवस्थामा आयोजित अन्तरक्रिया कार्यक्रमले सहकारीकर्मीलाई ऐन, नियम तथा संस्थागत व्यवस्थापनबारे थप जानकारी प्राप्त गर्न सहयोग पुगेको आयोजकले जनाएको छ ।

## पत्रकारको लेखनवृत्ति कोष स्थापना

गलकोटपत्र/हटिया

नेपाल पत्रकार महासंघ, बागलुङ शाखाले खोजी र विश्लेषणात्मक समाचार लेख्ने पत्रकारलाई प्रोत्साहित गर्ने उद्देश्यले रु. १० लाखको ‘पत्रकार लेखनवृत्ति कोष’ स्थापना गरेको छ ।

पहिलो चरणको अभियानबाट रु. १० लाखको लक्ष्य पूरा गरी कोष सञ्चालनमा ल्याइएको शाखाले जनाएको छ । विसं २०८१ मङ्सिर २८ गते भएको शाखाको आठौँ अधिवेशनबाट निर्वाचित वर्तमान कार्यसमितिको पहिलो बैठकले पत्रकार लेखनवृत्ति कोष स्थापना गर्ने निर्णय गरेको थियो । उक्त निर्णय बमोजिम विसं २०८१ माघ २६ मा औपचारिक समारोहमार्फत लेखनवृत्ति कोषको घोषणा गरिएको थियो । शाखाका पदाधिकारी र सदस्यहरुबाट योगदान रकम जम्मा गरी सुरु गरिएको उक्त कोषमा स्वत:स्फूर्त रुपमा अन्य दाताहरुको पनि सहयोग जुटेको थियो

देशविदेशमा रहनुभएका विभिन्न व्यक्ति र शुभेच्छुक संघसंस्थाहरुबाट कोषमा सहयोग प्राप्त भएको हो । शाखाका सचिव नारायण रिजालले कोषबाट आउने ब्याज रकमबाट बागलुङलाई कार्यक्षेत्र बनाई खोजमूलक समाचार लेख्ने दुई जना पत्रकारलाई रु. ५० हजारका दरले लेखनवृत्ति प्रदान गरिने बताए । कोष सञ्चालनका लागि कार्यविधि निर्माणको काम भइरहेकाले यथाशक्य चाँडो लेखनवृत्ति प्रदान गरिने उहाँको भनाइ छ । लेखनवृत्ति छनोटका लागि विज्ञ सम्मिलित समिति गठन हुने र सोही समितिले गरेको निर्णयका आधारमा लेखनवृत्ति प्रदान गरिने सचिव रिजालले बताए । औपचारिक समारोह आयोजना गरी लेखनवृत्ति प्रदान गरिने महासंघले जनाएको छ । सोही अवसरमा कोषका दाताहरुलाई सम्मान गरिने भएको छ । सहयोगदाताको नामावली ताम्रापत्रमासमेत अङ्कित गरिने जनाइएको छ । शाखाका अध्यक्ष राम थापा ‘अविरल’ले पत्रकारिता क्षेत्रको गुणात्मक विकास सँगसँगै खोज पत्रकारिताप्रति आकर्षण बढाउने उद्देश्यले लेखनवृत्ति कोषको अवधारणा ल्याइएको बताए । “सार्वजनिक सरोकारका विषयमा प्रभावशाली रिर्पोटिङ गर्ने पत्रकारलाई लक्ष्य गरी लेखनवृत्ति कोषको स्थापना गरिएको हो”, उनले भने, “यसबाट पत्रकारहरुबीच खोजी रिर्पोटिङमा स्वस्थ प्रतिस्पर्धाको भावना जागृत हुनेछ ।”

पहिलो चरणमा रु. १० लाखको कोष स्थापना गरिएपनि कोष वृद्धिको अभियान भने निरन्तर चलिरहने उहाँको भनाइ छ । पत्रकारको पेशागत हकहित र क्षमता अभिवृद्धिमा महासंघ केन्द्रित रहेको अध्यक्ष थापाले बताए ।


## गलकोट अफसेट प्रेस

उच्च गुणस्तरीय छपाई र उत्कृष्ट ग्राहक सेवाको लागि सदैव हामीलाई विश्वसनीय साथीको रुपमा सम्झनुहोस् ।

गलकोट नगरपालिका-३, क्याम्पसगेट, हटिया, बागलुङ

अफसेट छपाई | व्यानर छपाई | सेल्फ स्ट्याम | टाइपिङ, फोटोकपी | टी-शर्ट प्रिन्ट | लेमिनेसन | ग्राफिक्स डिजाइन

विवाह कार्ड छपाई गर्ने ठाँउ !

कार्यक्रमका प्रमाण-पत्र, व्याच, मायाको चिनो, फ्रेम, मेडल, ट्रफी, लगायत सम्पूर्ण सामाग्रिहरु पनि उपलब्ध छन् ।

प्रो. ज्ञान खड्का सागर | फो. ०६८-४१७०७१, ९८५७६९७३७१

नयाँ नेपाल निर्माणको लागि ग्रामीणमुखी पत्रकारिता

सम्पादकीय ...........

# विजया दशमीको शुभकामना

हिन्दु धर्मालम्वी नेपालीहरुको महान पर्व विजया दशमी (दशैं) हामीहरुको घर आँगनमा आइरहेको छ । नेपाली समाजमा विजया दशमीको सांस्कृतिक महत्व मात्र नभएर सामाजिक र सांस्कृतिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ । असत्यमाथि सत्यको विजय, अन्यायमाथि न्यायको विजय तथा लैङ्गीक समानतार सामाजिक सदभावको पर्व मानिन्छ । परापूर्वकालदेखि नेपाली हिन्दू समुदाय तथा गैर हिन्दु समुदायले आपसी मेलमिलाप र धार्मिक सहिष्णुतताको प्रतीक मानिने यसपर्व आधुनिक समयमा पनि सवै नेपालीको घरघरमा खुशी हासो र उमङ्ग ल्याउने पर्वको रुपमा स्थापित भएको छ । देश विदेशमा भएका नेपालीहरु लामो समयदेखि भेटघाट हुने र आपसी माया साटासाट गर्ने यस पर्वले सवै नेपालीको मन छोएको छ । यद्यपि देशका विभिन्न क्षेत्रमा भएका प्राकृतिक विपत्तिले देश आक्रन्त बनेको छ । नेपाली जनजीवन प्रभावित भएको छ ।

विजया दशमीको नवरात्रको आगमनसँगै विभिन्न शक्तिपीठहरुमा पूजा आजा भइरहेको छ । घर आँगन सजावट भई रहेको छ । यस पर्वले धनी गरिव सम्पन्न तथा विपन्न सबै वर्ग र समुदायलाई खुशी बनाएको छ । गाउँ सहर जताततै दशैको माहोल बनेको छ ।नेपाली जनता चाहन्थे संघीय लोकतान्त्रिक संविधान बन्यो देशले नयाँ गति ल्याउने छ, शान्ति र विकासले नेपालमा बास गर्ने छ । देश संघियतामा गएपछि राज्य पुनर्संरचनाका अभ्यास भने भएका छन । दशैँको मुखमा खाद्यान्न, तेल,मसलाको भाउले आकाश छोएको छ । तरकारीको भाउ सुन्दा पनि जिब्रो टोक्नुपर्ने अवस्था छ । यतातर्फ सरकारको ध्यान जानै सकेको छैन । गत भदौ १० गते रसुवा लगायत ५ जिल्लामा बाढीले ठूलो रुपमा धनजनको क्षति मात्र पुऱ्याएन राष्ट्रिय जनजीवन नै प्रभावित बनन पुग्यो । असोज ९ देखि ११ सम्म परेको अविरल वर्षाले बागलुङ जिल्लाका गलकोट नगरपालिका, ताराखोला गाउँपालिका, निसीखोला गाउँपालिका, बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिका लगायतका क्षेत्रमा धन जनको क्षति भएको छ । सडक सञ्जाल क्षेत्रविक्षेत भएको छ । अहिले पनि त्रासकोत्रिचमा नागरिक छन । यस्तो विषम अवस्थामा नजिकिएका चाडपर्वले खासै हर्सौल्लास ल्याउन सकेको छैन ।

यतिखेर दशैंको चहल पहल सवैतिर तीव्र गतिमा भए पनि गाउघरमा देखिएको छ । विभिन्न समस्या र अबरोधहरुलाई सामाना गर्दै विजया दशमीको हर्सोल्लास आपसमा साटसाट भएको छ । परदेशिएका नेपालीहरु घरघरमा आईरहेका छन । टाढा भएकाहरु पनि सहज परि स्थितिको पर्खाइमा रहेका छन ।नेपालीहरुको महान पर्व विजया दशमी (दशैं) २०८३ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण शेयर सदस्य, ग्राहक, पाठक, विज्ञापनदाता, पत्रकार, लेखक, कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ एवम दिदी बहिनीहरुमा सुख, शान्ति,सुस्वास्थ्य,दीर्घायु र समृद्धिकोलागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

बागलुङ जिल्ला कोड नं. ०६८

जिल्ला प्रशासन्: ५२०१३३/५२०२३३
प्रहरी :- ५२०१९९/५२०२१९/१००
धौ.अ.प्र.का.- ५२०१९३/५२०१०९/५२०३०१
जिल्ला ट्राफिक प्रहरी :- ५२०३९९
बागलुङ कारगार:- ५२०२६७
नेपाली सेना :- ५२०२००
अञ्चल अस्पताल :- ५२०२८८/५२०१८८
रक्त सञ्चार केन्द्र :- ५२०२७३
नेपाल रेडक्रस सोसाईटी:- ५२०१६९
आँखा असपताल :- ५२०१३७
जि.स.स.:- ५२०१४४/५२०१४८/५२०४०५
विद्युत प्राधिकरण :- ५२०२२०/५२०१७७
बस टिकट काउण्टर-चिप्लेटी) :- ५२११३२
जीप टिकट काउण्टर :- ५२११४०
दुरससञ्चार:- ५२०१११/५२०२२२/५२०२४४
डि.सहकारी का. :- ५२०३०२
ई.प्र.का. हरिचौर :- ४११०५५
ई.प्र.का. तारा :-९८५१०००७५८
हटिया प्रहरी चौकी :- ९८५७६९०१५८
नरेठाँटी प्रहरी चौकी: ९८०८४६३६०४
ग.प्रा.स्वा.के. हरिचौर :- ४११०८८
गलकोट एफ.एम.:- ४१२०४३
जिप काउण्टर हटिया:- ४१२०८८
जिप काउण्टर हरिचौर:- ४११०३६
बस काउण्टर हटिया:- ४१२०५५

गलकोट नगरपालिका:-
प्रमुख:- ९८५७६४०७५१
उप-प्रमुख:- ९८५७६२०८८४
गलकोट नगरपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६४८८८१
वार्ड नं.२:- ९८५७६२७२२२
वार्ड नं.३ :- ९८४७६६२९११
वार्ड नं.४:- ९८५७६४०८४६
वार्ड नं.५:- ९८४७७२०६६५
वार्ड नं.६:- ९८६१२९६३६५
वार्ड नं.७:- ९८५७६२२९२१
वाड नं.८:- ९८५७६२१११४
वार्ड नं.९:- ९८५७६२२८४२
वार्ड नं.१०:- ९८५७६२२१०८
वार्ड नं.११:- ९८५७६२९११५
प्रमुख प्र. अधिकृत:- ९८५७६४८१११
ताराखोला गाउँ पालिका
अध्यक्ष:- ९८५७६२३५०१
उपाध्यक्ष:- ९८४७६६५१६०
ताराखोला गाउँपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६६११२१
वार्ड नं.२:- ९८५७६६११२२
वार्ड नं.३ :- ९८५७६६११२३
वार्ड नं.४:- ९८५७६६११२४
वार्ड नं.५:- ९८५७६६११२५
प्रमुख प्र. अधिकृत:- ९८५७६६११११

# बलिप्रथा : केही अनुत्तरित प्रश्नहरु



खड्ग पाण्डे

हिन्दू परम्परामा दसैं धार्मिक आस्था, पारिवारिक मिलन र आशीर्वादको पर्व हो । यो पर्वमा कतिपय शक्तिपीठ, देवीमन्दिर तथा कुलदेवीका स्थानमा बोका, राँगा, कुखुरा, हाँस र परेवा लगायत पशुपक्षीको बलि दिने चलन पनि छ । दुर्गा, काली, भद्रकाली, तथा विभिन्न स्थानीय देवीको पूजामा पशुबलि दिने परम्परा पाइन्छ । यस्तो बलिको उद्देश्य देवीलाई प्रशन्न पार्नु, संकटबाट मुक्ति पाउनु र मनोकामना पूरा गर्नु रहेको विश्वास गरिन्छ ।

हिन्दू धर्ममा सबै देवीदेवताको पूजामा बलि दिइँदैन । सरस्वती, लक्ष्मी, गौरी–पार्वती, सीता, राधा, अन्नपूर्णा जस्ता देवीको सामान्य पूजामा फूल, फल, अक्षता, धूप, दीप र नैवेद्य अर्पण गरिन्छ । शिव, विष्णु, गणेश, राम, कृष्ण र हनुमानको सामान्य पूजामा पनि पशुबलि अनिवार्य धार्मिक विधि होइन । यसरी हेर्दा हिन्दू परम्परामा देवीहरूकै पूजा–पद्धतिमा पनि रोचक भिन्नता देखिन्छ–कतिपय देवी शाकाहारी छन् भने कतिपय मांसाहारी ।

एउटा आधारभूत प्रश्न उठ्छ–यदि देवीदेवता पूजाबाट प्रशन्न हुन्छन् भने कतिपयलाई प्रशन्न पार्न निर्दोष प्राणीको रगत आवश्यक पर्ने र कतिपयलाई फूल तथा फल चढाए पुग्ने विश्वास किन विकसित भयो ? साँच्चै देवीदेवता पशुबलिबाट खुसी हुन्छन् ?

### पशुबलिको सुरुवात र मानव मनोविज्ञान

पशुबलिको उत्पत्ति बुझ्न प्राचीनसमाजको जीवनशैली र चेतनाको अवस्थालाई विचार गर्नुपर्छ । आदीम मानिसका लागि शिकार भोजनको महत्वपूर्ण स्रोत थियो । पशुको मासु स्वादिलो र पौष्टिक भएकाले आफूलाई प्रिय लागेको वस्तु आँफैले कल्पना गरेको आफूले पूजा गर्ने अदृश्य शक्तिलाई पनि प्रिय हुन सक्छ भन्ने कल्पना मानिसले गरेको हुन सक्छ ।

प्राचीन मानिस प्रकृतिका अनिश्चिततासँग निरन्तर जुधिरहेको थियो । रोग, मृत्यु, खडेरी, बाढी, आँधी र जंगली जनावरको आक्रमण जस्ता घटनाको वैज्ञानिक कारण बुझ्ने क्षमता सीमित थियो । त्यसैले मानिसले यस्ता घटनालाई अदृश्य शक्तिसँग जोडेर हेर्नु स्वाभाविक थियो । आफू र आफ्नो समुदायलाई सुरक्षित राख्न देवतालाई प्रशन्न पार्नुपर्छ भन्ने विश्वासबाट बलिप्रथा विकसित भएको हुन सक्छ ।

शिकार सफल हुनु, वर्षा हुनु, अन्न फल्नु वा सन्तान जन्मिनु जस्ता घटनालाई दैवी कृपाका रूपमा बुझेर प्राप्त वस्तुको केही अंश अर्पण गर्ने परम्परा पनि विकसित भएको हुन सक्छ । यद्यपि कुनै परम्परा किन सुरु भयो भन्ने कुरा बुझ्नु र आज पनि त्यसलाई निरन्तरता दिनुपर्छ भन्ने निष्कर्ष निकाल्नु फरक विषय हुन् । बलिप्रथालाई देवताको आवश्यकता भन्दा बढी मानव सभ्यता, मनोविज्ञान र प्रकृतिलाई बुझ्ने तत्कालीन प्रयाससँग सम्बन्धित गरी हेर्नु पर्दछ ।

### विभिन्न धर्ममा पशुबलि

विभिन्न धर्ममा पशुबलिको उद्देश्य तथा अर्थ फरक छ । हिन्दू परम्परामा कतिपय देवीका मन्दिरमा पशुबलि दिने चलन भए पनि यो सम्पूर्ण हिन्दू धर्मको अनिवार्य नियम होइन । समुदाय, क्षेत्र र मन्दिरअनुसार अभ्यास फरक हुन्छ । कतिपय ठाउँमा पशुबलिको सट्टा नरिवल, कुभिण्डो, उखु वा अन्य प्रतीकात्मक वस्तु चढाइन्छ ।

इस्लाममा ईद–उल–अजहाका अवसरमा गरिने कुर्बानीको उद्देश्य पशुको मासु अल्लाहलाई खुवाउनु होइन । यसको सम्बन्ध हजरत इब्राहिमको समर्पण, अल्लाहप्रतिको आज्ञापालन र तक्वासँग छ । इसाई धर्ममा हिन्दू पशुबलि वा इस्लामी कुर्बानी जस्तो देवतालाई पशु मारेर चढाउने विधि सामान्य रूपमा प्रचलित छैन । क्रिसमसमा मासुका परिकार खाने चलन मुख्यतः स्थानीय संस्कृति, खानपान र उत्सवको परम्परासँग सम्बन्धित छ ।

यो तुलनाबाट धार्मिक बलि, धार्मिक विधिअनुसार पशु वध र सांस्कृतिक उत्सवमा मासु सेवन गर्नु फरक अभ्यास हुन् भन्ने बुझिन्छ । तिनको उद्देश्य र सन्दर्भलाई छुट्याएर विश्लेषण गर्नुपर्छ ।

### के देवीदेवतालाई निर्दोष प्राणीको रगत चाहिन्छ ?

यदि देवीदेवता सर्वशक्तिमान्, करुणामय र न्यायप्रिय छन् भने उनीहरूलाई प्रशन्न पार्न निर्दोष प्राणीको हत्या किन आवश्यक पर्छ ? सृष्टि गर्ने शक्तिलाई आफ्नै सृष्टिको रगत किन चाहियो ? पशुपक्षीले मानिसले जस्तो धार्मिक कर्मकाण्ड गर्न सक्दैनन् । उनीहरूले भाकल गर्दैनन्, व्रत बस्दैनन् र मानिसका धार्मिक मान्यता अनुसार व्यवहार गर्दैनन् । तैपनि मानिसले आफ्नो मनोकामना पूरा गराउन उनीहरूको हत्या गर्छ र त्यसबाट संकट हट्ने तथा सुख–समृद्धि प्राप्त हुने विश्वास गर्छ ।

यसले धर्मको नैतिक उद्देश्यबारे प्रश्न उठाउँछ । धर्मले करुणा, सदाचार, सत्य र जिम्मेवारीको शिक्षा दिन्छ भने धार्मिक उद्देश्य पूरा गर्न कमजोर प्राणीको जीवन समाप्त गर्नु कत्तिको उचित हुन्छ ?

मूल प्रश्न आदिमकालमा कपोलकल्पित देवीदेवतामाथि विश्वास गर्ने वा नगर्ने भन्नेमा मात्र सीमित छैन । मानिसले कस्तो समाज निर्माण गर्न चाहन्छ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ–डर र अन्धविश्वासमा आधारित समाज कि विवेक, करुणा र मानवतामा आधारित समाज ?

### स्वर्गको दिव्य भोजन र पृथ्वीमा पशुबलि

हिन्दू धार्मिक तथा पौराणिक कल्पनामा स्वर्गलाई दिव्य भोजन, नन्दनवन, सुन्दर बगैँचा, भव्य महल र विभिन्न सुख, सुविधाले भरिएको लोकका रूपमा चित्रण गरिएको छ । त्यहाँ देवीदेवताले अलौकिक सुख प्राप्त गर्छन् र कल्पवृक्षले स्वर्गिय मानिसका इच्छा पूरा गर्ने विश्वाससमेत पाइन्छ ।

त्यस्तो सुखसम्पन्न लोकमा बस्ने देवीदेवतालाई पृथ्वीमा बलि दिइएको कुखुराको टाउको, राँगाको रगत वा बाख्राको कलेजो किन आवश्यक पर्छ ? स्वर्गमा दिव्य भोजन र इच्छापूर्ति गर्ने व्यवस्था छ भने देवीदेवता पृथ्वीमा पशुबलि दिइने प्रतीक्षामा हुन्छन् भन्ने कल्पना कत्तिको तर्कसंगत छ ? यी प्रश्नले धार्मिक विश्वास र परम्पराको विवेकपूर्ण समीक्षा गरिनु पर्दछ । देवीदेवतालाई प्रसन्न पार्न पशुको हत्या अनिवार्य छ भन्ने धारणा धार्मिक आवश्यकता नभई पुरानो सामाजिक विश्वास र मानिसको आफ्नै परम्पराको परिणाम हुन् ।

### पशुपतिनाथको अवधारणा र करुणाको सन्देश

हिन्दू धर्ममा शिवलाई 'देवादिदेव महादेव' र 'पशुपतिनाथ' भनिन्छ । पशुपतिनाथको अवधारणाले समस्त जीवका स्वामी, संरक्षक र मुक्तिदाताको अर्थ बोकेको छ । यस दृष्टिले समस्त जीवप्रति करुणा र संरक्षणको भावना महत्वपूर्ण हुन्छ ।

यदि शिवलाई सबै जीवका संरक्षकका रूपमा बुझिन्छ भने अन्य देवदेवीलाई प्रशन्न पार्न निर्दोष पशुपक्षीको हत्या गर्नु उहाँको करुणामय दर्शनसँग कति मेल खान्छ ? शिवलाई भस्म, रुद्राक्ष, बेलपत्र र जल अर्पण गरेर पूजा गर्न सकिन्छ भने शिवभन्दा तल्लो श्रेणीका अन्य देवदेवीलाई प्रशन्न पार्न रगत नै आवश्यक छ भन्ने विश्वासमा विरोधाभास देखिँदैन र ?

पशुबलिको सट्टा आफ्नै दुर्गुणको बली दिनु पर्दछ । अहंकार, लोभ, क्रोध, ईर्ष्या र अज्ञानको बलि दिएर सत्य, सदाचार र करुणाको मार्गमा अघि बढ्नु वास्तविक आत्मशुद्धि हुन सक्छ । अरूको जीवन समाप्त गरेर पुण्य खोज्नुभन्दा आफ्नै व्यवहार सुधार्नु नैतिक दृष्टिले बढी सार्थक हुन्छ ।

### पशुबलि, जातिप्रथा र सामाजिक विभेद

पशुबलिसँग जोडिएको जातीय विभेदको प्रश्न अझ पेचिलो छ । कतिपय समुदायमा देवीदेवताका लागि राँगो वा कुखुराको बलि दिइन्छ तर आफूलाई कथित उच्च जातको ठान्ने केही मानिसले त्यस्तो मासु खान नमिल्ने मान्यता राख्छन् । यसले विरोधाभास उत्पन्न गर्छ । देवीलाई अर्पण गर्न योग्य मानिएको वस्तु मानिसका लागि कसरी अशुद्ध हुन्छ ? यदि त्यो मासु अपवित्र हो भने देवतालाई किन चढाइन्छ ?

शुद्धता र अशुद्धतासम्बन्धी मान्यता, भोजनका नियम तथा कसले पकाउने र कसले खाने भन्ने सामाजिक व्यवहारले परम्परागत जातीय संरचनामा दूरी कायम राख्न भूमिका खेलेका छन्

»» बाँकी पृष्ठ ५ मा".

# प्रगतिमा शुभकामना आदानप्रदान

गलकोटपत्र/हटिया

प्रगति आधारभूत विद्यालय गलकोट नगरपालिका वडा नं. ७ मा दसैँ तथा तिहारको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै गलकोट नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राज बहादुर थापाले चाडपर्वले समाजमा आपसी सद्भाव, सहकार्य र एकताको भावना बलियो बनाउने बताउनुभयो । उहाँले चाडपर्वलाई आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण गर्दै सभ्य, मर्यादित र आपसी सद्भावपूर्ण तरिकाले मनाउनुपर्नेमा जोड दिएका थिए ।

उक्त अवसरमा नेपालीहरूको महान् चाड बडादसैँ, तिहार, नेपाल संवत् तथा छठ पर्वको अवसरमा एकआपसमा शुभकामना आदानप्रदान गर्दै पर्वहरूले आपसी सद्भाव, एकता, भाइचारा र सामाजिक मेलमिलाप कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने विषयमा चर्चा गरिएको शिक्षक निसा थापाले जानकारी दिए ।

विद्यालय परिवारबीच आपसी सम्बन्ध सुमधुर बनाउँदै शैक्षिक गतिविधिलाई थप प्रभावकारी बनाउन यस्ता कार्यक्रमले सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिएको थियो ।

कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दल बहादुर थापाको अध्यक्षता, शिक्षक सुनिता वाग्लेलेको स्वागत र शिक्षक मिलन थापा मगरको सञ्चालनमा सम्पन्न भएको थियो ।

# यौनजन्य सरुवा रोग र बच्ने उपाय



✍ कृष्णकुमार सैजु

यौनजन्य सरुवा रोगहरु (एस्टिडिज) भन्नाले बिभिन्न अशुरक्षित तथा अप्राकृतिक यौन सम्पर्क वा यौनजन्य क्रियाकलापबाट सर्ने सरुवा रोगहरु हुन् । नेपालको सन्दर्भमा बिरामीको ३०-३५ प्रतिशत बिभिन्न यौनजन्य समस्याबाट संक्रमित छन् । जसमध्ये झण्डै आधाभन्दा बढी १५ देखि २५ वर्ष उमेर समूहका छन्

**तपाईं कसरी जोगिन सक्नुहुन्छ ?**

एस्टिडीबाट बच्ने सबैभन्दा उत्तम उपाय भनेको मौखिक, योनिगत र मलद्वार पर्यन्त कुनै पनि यौनजन्य क्रियाकलापमा नलाग्नु र (लुतो जस्ता समस्याको कमी भने संक्रमितले प्रयोग गरेको कपडा तथा बडी रोलर पर्भ्युम साझेदारी नगर्नु हो । तर यदि तपाईंको यौनक्रियामा सक्रिय हुने विचार छ या अहिले नै सक्रिय हुनुहुन्छ भने तपाईंले केहि बच्ने उपायहरुको अबलम्बन गर्नुपर्ने हुन्छ ।

रोगबाट संक्रमित नभएको एकजना मात्र यौन सम्पर्कको साथी बनाउने । नबिराइकन र ठिकसँग पुरुषले लेटेक्स वा महिलाले पोलियुरेथेन्कण्डम र टपिकल माइक्रोबिसाइड्सको प्रयोग गर्ने । नसाबाट दिइने औषधिको सुई लिँदा जीवाणुहीन सियोहरु मात्र प्रयोग गर्ने । अन्यएस्टिडिज्बाट सुरक्षित रहेर वा नियन्त्रण गरेर एच.आई.भी.को सम्भाव्य संक्रमणलाई घटाउने । सकेसम्म यौन सम्पर्क गर्ने कार्यलाई ढिलो गर्नुहोस् । पहिलोपटक मैथुन गर्दा वा यौन सम्पर्क राख्दा कुनै व्यक्ति जति सानो उमेरको भयो उसलाई एस्टिडीले च्याप्ने सम्भावना उत्तिकै बढि हुन्छ । एच.आई.भी. र एस्टिडिज्को नियमित परिक्षण गर्ने गर्नुस्

एस्टिडिज्का लक्षणहरु थाहा पाइराख्नुहोस् र कुनै लक्षण देख्नुभयो भने सकभर छिटो यसको उपचारको लागि सहयोग माग्नुहोस् । महिनावारी भैरहँदा मैथुन वा यौन सम्पर्कबाट टाढा रहनु होस् । गुदद्वार मैथुन नगर्नुहोस् वा पुरुषले प्रयोग गर्ने पुरुषले लेटेक्स वा महिलाले पोलियुरेथेन कण्डम र टपिकल माइक्रोबिसाइड्सको प्रयोग गर्नुस् । पानी वा औषधिको पिच्कारीको प्रयोग गर्ने नगर्नुस् ।

**एस्टिडी रोग लागिहाल्यो भने के गर्ने ?**

तुरुन्त उपचार थाल्नुहोस् । दिइएको औषधि पूरा खानु होस् र आफ्नो चिकित्सकको सुझाव मान्नुस् । बच्चालाई स्तनपान नगराउनु होस् वा बच्चाको लागि स्तनको दूधको प्रयोग नगर्नुहोस । हालैका आफ्ना यौन संघातीहरुलाई यो कुरा थाहा दिनोस् र उनीहरुलाई पनि रोगको परिक्षणको लागि उद्यत गर्नुस् । एस्टिडीको उपचारमा रहँदा यौन कार्य रोक्नुहोस् । एस्टिडीको राम्रो उपचार भइरहेको छ कि छैन थाहा पाउन फलोअफ टेस्ट गराइरहनु पर्छ ।

**धेरैजसो लाग्ने एस्टिडीज् रोगहरु निम्न छन् :**

यौन रोगीहरुमध्ये धेरै पहिले पहिचान गरिएको सिफिलिस एउटा प्रमुख यौन रोग हो । यस रोगलाई नेपालमा भिरंगीको नामले चिनिन्छ । यो रोग टिपोनेमा पालिडियम भन्ने जीवाणुले गराउँछ । यो जीवाणुको संक्रमण भएपछि लक्षणहरु देखिन लामो समय लाग्न सक्छ । साधारणतः १० देखि ९० दिन यसको संक्रमणकाल हुन्छ । कहिलेकाँहि यसका लक्षण नदेखिन सक्छन् तर थाहा हुँदानहुँदै यसका जीवाणुले शरीरका विभिन्न अंगहरुमा असर गर्न सक्छन् । यो रोग लाग्दा सुरुमा विमिरा वा खटिरा जस्तो देखिन्छ वा एउटा दुई वटा नदुख्ने घाउका रुपमा देखापर्न सक्छ । विभिन्न प्रकारका यौन सम्पर्कको प्रकृतिअनुसार यौन सम्पर्कबाट हुने यस्ता घाउ यौन अंगहरुमा ओठ, मुख, गुदद्वारमा र स्पनको मुन्टो ( निप्पल)मा आउन सक्छन् । साथै, यी घाउ आउँदा एकापट्टि वा दुवैपट्टि काछमा गिर्खा आउनसक्छ । सुन्निने र दुख्ने पनि हुन सक्छ । घाउहरु केही समयपछि आफै हराउन सक्छन् र केही समयपछि पुनः देखा पर्न सक्छन् ।

यो एउटा जटिल गम्भीर यौन रोग हो । पुरुषमा देखिने यसका लक्षणहरु पिसाब नलीबाट पातलो पानी वा वाक्लो पिप निस्कने, पिसाब गर्दा पोल्ने, दुख्ने वा चाँडो पिसाब लाग्ने, अण्डकोष सुन्निने र दुख्ने हुन्छ । यौन अंगमा वा यौन अंग वरिपरि धेरै मात्रामा सेतो काई पदार्थ जस्तो जाने विमिरा खटिरा, पानी फोका वा घाउ देखापर्ने, लिंगको वरिपरि मुसा वा मासु पलाउने, तिघ्राको काछमा रहेका गन्थ्री सुन्निने, दुख्ने, फुटेर घाउ हुनेजस्ता लक्षण देखिन्छन् । महिलामा देखिने यस रोगको लक्षण योनीबाट धेरै मात्रामा अस्वाभाविक सेतो गन्हाउने पानी बग्ने, पिसाब गर्दा पोल्ने, असजिलो हुने, दुख्ने, बारम्बर पिसाब लाग्ने, यौन सम्पर्क गर्दा योनीभित्रपट्टि दुख्ने, तल्लो पेट दुख्ने, हल्का ज्वरो आउने, ढाड दुख्ने, गुप्तांग वा वरिपरि घाउ खटिरा आउने, रातो हुने, सुन्निने, गुप्तांगमा मुसा वा मासु पलाउने, तिघ्रा काछमा गन्थ्रीहरु सुन्निने, दुख्ने वा फुटेर घाउ हुनेजस्ता लक्षणहरु देखिन्छन् । समयमा नै उपचार गर्दा यो रोग निको हुन्छ तर उपचार नभएमा भने यसले शरीरको जुनसुकै अंगलाई पनि प्रभावित गर्न सक्छ । गम्भीर असर गर्न सक्छ । गर्भवती आमाबाट जन्मने बच्चामा पनि यो रोग सर्न सक्छ । बच्चा गर्भमा नै मर्न सक्ने वा विकलांग बच्चा जन्मन सक्ने हुन्छ । यो रोग नेपाललगायत विश्वका प्रायः सबै देशका धेरै मानिसहरु संक्रमित छन् ।

**ह्युमन इम्युनोडीफिसेन्सी भाइरस (एचआइभी)**

**के हो एचआइभी र एड्स ?**

एक्वायर्ड इम्युनो डिफिसिएन्सी सिन्ड्रोम अर्थात् एड्स यस्तो रोग हो, जुन हयुमेन इम्युनोडिफिसिएन्सी भाइरस (एचआईभी) ले गर्दा फैलिन्छ । जुन व्यक्तिमा यो भाइरस हुन्छ, तिनलाई एचआईभी पोजेटिभ भन्ने गरिएको हो । एचआईभी पोजेटिभ हुनुलाई धेरैजसोले एड्स भएको ठान्ने गर्छन्, जुन सही होइन । यो भाइरसले कुनै पनि माध्यमबाट हाम्रो शरीरमा प्रवेश गरेपछि हामीलाई रोग प्रतिरोधक क्षमता दिने रगतमा रहेको सेतो रक्त कणिकामा आक्रमण गर्न थाल्छ । विस्तारै यी कोषिकाहरू नष्ट भएपछि रोग प्रतिरोधक क्षमता कम हुन थाल्छ । परिणामस्वरूप थुप्रै संक्रमण हुन थाल्छ । एचआईभीको अन्तिम अवस्थालाई एड्स भनिन्छ ।

जसको शरीरमा कुनैपनि कारणले एचआईभी हुन्छ, त्यस्ता व्यक्तिलाई एचआईभी संक्रमित बिरामी भनिन्छ । एड्स बिरामीको त्यो स्थिती हो जहाँ व्यक्ति विशेषको रोगप्रतिरोधी प्रणाली पूर्ण रूपले बेकामे हुन्छ । अहिलेसम्म यो रोगबाट बच्ने एउटै मात्र उपाय भनेको सावधानी र सचेतता नै हो ।

मुखमैथुन गर्दा पनि एचआइभी

संक्रमित व्यक्तिसँग मुखमैथुन गर्दा पनि एचआइभी सर्न सक्छ । तर, मुखमैथुन गर्दा एचआईभी सर्ने सम्भावना योनीमैथुन वा गुद्वारमैथुन गर्दाभन्दा कम हुन्छ । यसको अर्थ मुखमैथुन सुरक्षित हुन्छ भन्ने चाहिँ होइन । मुखमैथुन गर्दा व्यक्ति विशेष एचआईभीको सम्पर्कमा पर्ने सम्भावना त्यति साह्रो हुँदैन । मुखमा कुनै किसिमको घाउ भएको एचआइभी संक्रमित व्यक्तिले मुखमैथुन गर्दा भने अर्कोलाई सर्न सक्छ । एचआईभी हाम्रो शरीरमा त्यति खेर मात्र प्रवेश गर्छ र कुनै न कुनै तरिकाले यो हाम्रो रगतमा मिसिन्छ । अर्थात् योनी वा लिंगको माध्यमले एचआईभी रगत वा र्‍यालमा मिल्दा रोग सर्ने जोखिम हुन्छ ।

**एचआइभीका प्रकार**

एचआइभीका दुई प्रकार हुन्छन् : एचआइभी विश्वभरि पाइन्छ र नेपालमा अधिकांश यसकै बिरामी छन् । तर एचआईभी मुख्य रूपमा अफ्रिकामा पाइन्छ । नेपालमा समेत केही व्यक्तिमा यसको संक्रमण देखिएको छ । केही व्यक्तिलाई दुवै भाइरसका कारणले संक्रमण हुन्छ । हुनतः एचआईभी २ संक्रमण भएका व्यक्ति एचआइभी १ भएकाहरूको दाँजोमा बढी बाँच्ने गर्छन् । एचआईभी आमाबाट बालबालिकामा सर्ने सम्भावना खासै हुँदैन ।

**अपवाद**

हुनतः र्‍याल, पिसाब र आँसुमा पनि, निकै कम, एचआईभी पाइएको छ तर यी द्रव्यले एचआईभी फैलाएको प्रमाण अहिलेसम्म पाइएको छैन ।

**उपचार**

यसको कुनै खास उपचार छैन तर पनि नियमित औषधि सेवन गरेर, एचआईभी पोजेटिभ हुँदादेखि एड्स हुनेसम्मको बीचको अवधिलाई लम्ब्याउन सकिन्छ । प्रभावित व्यक्तिहरूलाई लामो समयसम्म एन्टिरेट्रो भाइरल औषधि दिएर दीर्घजीवन दिने प्रयास गरिन्छ ।

**कसरी फैलिन्छ ?**

संक्रमित सुई साझा गर्नाले, संक्रमित रगत र रगत उत्पादन उपयोग गर्नाले, संक्रमित व्यक्तिसँग असुरक्षित यौनसम्पर्क गर्नाले, एचआईभी संक्रमित सुत्केरीबाट स्तनपान गराउनाले, संक्रमित व्यक्तिको रगत वा शरीरको द्रव्य अर्का व्यक्तिको शरीरमा प्रवेश गर्नाले

सैलुनमा संक्रमित व्यक्तिमा उपयोग गरिएको ब्लेड लगायतको धारिला औजारले पुनः अन्य व्यक्तिमा प्रयोग गर्नाले ।

**यसरी फैलिदैन एचआईभी र एड्स**

हात मिलाउनाले, अँगालो मार्नाले, सँगै खानाले, सँगै उठबस गर्नाले, लामखुट्टेले टोक्नाले, एउटै शौचालय उपयोग गर्नाले, एउटै गिलासमा पानी खानाले ।

**औषधि खाादाका फाइदा**

शरीरमा भाइरसको मात्रा कम हुन्छ, विभिन्न संक्रमणबाट जोगिन्छ, अन्य व्यक्तिलाई संक्रमण हुन पाउँदैन, उमेर बढ्दै जान्छ, कमजोरी अनुभव हुन पाउँदैन र आत्मविश्वासमा वृद्धि हुँदै जान्छ ।

यस्तो लक्षण देखिए एचआइभी परीक्षण गराउनुस्

एक महिनाभन्दा बढी ज्वरो आइरहे, निरन्तर सुक्खा खोकी लागिरहे, कुनै कारणबिना निरन्तर पखाला लागिरहे, मुखमा सेतो दाग देखिए, शारीरिक तौल चाँचाँडो कम हुँदै गए र बिनाकारण खाली थकाइ मात्रै लागिरहे ।

**ह्युमन पाएपिलोमा भाइरस (एच.पि.भि.)**

एच.पि. भि. एउटा प्रायः हुने यौन क्रियाबाट सर्ने रोग हो । कुनै-कुनै यस्तो रोग गुप्ताङ्गको भित्र वा बाहिर वरिपरी कंडीलोमस नामको रोग मुसाको रुपमा आउने र छालाको अरु भागमा पनि सर्न सक्छ या आफ्नो यौन संगीमा पनि सर्न सक्छ । कतिपय प्रकारका एच.पि.भि.ले कुनै किसिमको लक्षण नै देखाउँदैन र भित्र लुकेर बसेको हुन्छ । एच.पि.भि. रोग भएका महिलाहरुलाई सर्भिकल क्यान्सरले गाज्ने प्रवल सम्भावना हुन सक्छ । नियमित पाएप टेस्ट ले एच.पि.भि. संक्रमण र असामान्य सर्भिकल कोषहरु पत्ता लगाउन सक्छ । सर्भिकल क्यान्सरबाट बच्नको लागि एच.पि.भि.को खोप पनि पाइन्छ । यद्यपि गुप्तांगमा आउने मुसाको पनि उपचार छ । तर ति मुसा कहिलेकाहीं आफैं हराउने र फेरि आउने हुन्छ । भाइरस वा रोग भने रहिरहन्छ । कुनै कुनै प्रकारको एच.पि.भि.ले शरीरको अन्य भाग जस्तो हातमा पनि सामान्य मुसा ल्याउन सक्छ । तर यस्ता मुसाले कुनै स्वास्थ्यजन्य समस्या भने सृजना गर्दैन ।

**क्लामाइडिअल संक्रमण**

सबै खालको एस्टिडीज्हरुमध्ये क्लामाइडिअल संक्रमण सबैभन्दा प्रायः हुने रोग हो । यो महिला र पुरुष दुबैलाई लाग्न सत्तछ । यसले गर्दा गुप्तांगबाट असामान्य खालको तरल पदार्थ बाहिर जाने र पिसाब गर्दा पोल्ने हुन्छ । महिलाको हकमा यदि उपचार नगर्ने हो भने क्लामाइडिअल संक्रमण पछि गएर पेल्भिक इन्फ्लामेटरि डिजिज (पि. आइ.डी.)को रुप लिन सक्छ । क्लामाइडिअल संक्रमणलाई एन्टीबायोटिक थेरापीबाट उपचार गर्न सकिन्छ । दुर्भाग्यवस, क्लामाइडिअल संक्रमण भएका धेरै मानिसमा केहि मात्र लक्षण देखिने वा कुनै लक्षण नदेखिने हुन्छ । महिलाहरूमा प्रायः यो गमभ् प्रकृतिको समस्या बल्झाउने खाले हुन्छ र त्यसमा पेल्भिक इन्फ्लामेटरि डिजिज, एक्टोपिक (ट्युबल) प्रेगनैन्सी र बाँझोपन पनि संलग्न हुन्छ ।

**जेनिटल हर्पिस गुप्तांगमा लाग्ने जेनिटल हर्पिस संक्रमण) रोगहरू ।**

हर्पिस सिम्प्लेक्स भाइरस (एचएस्भि) को कारण हुने गर्दछ । यसका लक्षणहरु गुप्तांग वरिपरी दुखदायी फोका आउने वा छालाको घाउ हुनु हो, जसले गर्दा खुट्टा, चाक र गुप्तांग वरिपरी झम झमाउने र पोल्ने गर्दछ । हर्पिस या दाद जस्तो रोग धेरैजसो केहि हप्तामै हराउने हुन्छ तर यो शरीरमा लुकेर बस्ने र बेला मौकामा फेरि फेरि आउने गर्छ । हर्पिस वा दाद जस्तो घाऊ साधारणतया केहि हप्तामा हराएर जान्छ । तर भाइरस भने जिउमा गडेर बस्छ र फेरि फेरि बल्झिन सक्छ । एचएस्भिको कुनै इलाज छैन । तर यसकोविरुद्ध एन्टी (भाइरल एजेन्ट्स लिन सकिन्छ, जसले यसलाई बढ्न नदिन र यसको लक्षण घटाउन सकिन्छ । एचएस्भि रोग मुखबाट सर्न सक्छ (यदि त्यस व्यक्तिमा चिसोले गर्दा हुने घाउ छ भने, जुन एचएस्भिले नै गर्दा भएको हुन्छ) फेरि त्यो गुप्तांगमा मुखको मैथुनमार्फत सर्न सक्छ ।

**अन्य यौन रोगहरू**

डोनोभाइनोसिस, चानक्रोइड, योनी माथि भएको हाडको रौंमा जुम्रा पर्नु, लुतो ट्राइकोमोनीयासी, योनीमा यिस्टको संक्रमण ।

**एस्टिडीज् र वयस्क**

एस्टिडीज् रोगले सबै खालको पृष्ठभूमि र उमेर समूहका महिला र पुरुषलाई जकड्ने गर्छ । संसारभरी यो रोग लाग्ने रोगीमध्ये करिब आधा मानिस भने २५ बर्षभन्दा कम उमेरका छन् । एस्टिडीज् रोग बढ्दो छ । यसको कारण बढ्दो रुपमा धेरै जनाको बहुसंख्यक यौनसंघाती हुनु र यौनजन्य क्रियाकलाप बढ्नु हो । धेरैजसो एस्टिडीज् रोगले कुनै लक्षण देखाउँदैन । फेरि कतिपय एस्टिडी रोगको लक्षणहरु बिशेष गरी महिलाहरुमा अन्य यौनसंग असम्बन्धित रोगको लक्षणसंग झुक्किन पुगिन्छ । लक्षणरहित एस्टिडीज् पनि सरुवा रोग हुने हुन्छ । एस्टिडीज् रोग एवं यसका कडा लक्षणहरुबाट अक्सर महिलाहरु ग्रसित भएको पाईन्छ ।

कुनै कुनै एस्टिडीज् गर्भाशय र डिम्ब नलीभित्र फैलने र पाठेघर पोल्ने रोग (पि.आइ.डी.) हुने हुन्छ जसको फलस्वरूप बाँझोपन र एक्टोपिक (ट्युबल) प्रेग्नेंन्सी दुवै हुन सक्दछ । महिलामा भएको एस्टिडीज् रोग सर्भिकल क्यान्सरसंग सम्बन्धित पनि हुन सक्दछ । एस्टिडीज् रोग आमाबाट बच्चामा पहिले नै वा जन्मँदा सर्न सक्दछ । नवजात शिशुमा रहेको यस्तो कुनै रोग सफलतापूर्वक इलाज गर्न सकिन्छ भने कुनै कुनैले बच्चालाई आजन्म अपांग बनाउन वा मार्न पनि सक्दछ ।

संसारका अधिकांश देशमा यौन

»» बाँकी पृष्ठ ५ मा".

# क्षतिग्रस्त सडकको अनुगमन

गलकोटपत्र/हटिया

दरमखोलामा आएको बाढीका कारण क्षतिग्रस्त गलकोट-ताराखोला सडकखण्डको स्थलगत अनुगमन गरिएको छ ।

गत असोज ९ गतेदेखि ११ गतेसम्म परेको अविरल वर्षाका कारण दारमखोलामा आएको बाढीले गलकोट-ताराखोला मोटरबाटोका विभिन्न स्थानमा क्षति पुऱ्याएपछि सडकको अवस्था तथा आवागमनमा देखिएको समस्याबारे आज गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरे, नगर उपप्रमुख फमलाल निउरे, ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विक, प्रदेश सरकारका प्रतिनिधि तथा इन्जिनियरसहितको टोलीद्धारा क्षतिग्रस्त सडकको अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा बाढीले सडकमा पुऱ्याएको क्षति, सडकको वर्तमान अवस्था तथा यातायात सञ्चालनमा देखिएका समस्याबारे स्थलगत जानकारी लिइएको थियो । बाढीका कारण सडकको केही भाग कटान हुनुका साथै सडकमा ढुंगा, माटो तथा गेग्रान थुप्रिँदा आवागमनमा समेत समस्या भएको बताइएको छ ।

गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले बाढीका कारण सडकमा ठूलो क्षति पुगेकाले तत्काल मर्मत तथा व्यवस्थापनको काम अघि बढाउनुपर्ने बताए । उनले गलकोट र ताराखोलालाई जोड्ने महत्वपूर्ण सडक भएकाले यसको नियमित तथा सुरक्षित सञ्चालनका लागि स्थानीय तह, प्रदेश सरकार र सम्बन्धित निकायबीच आवश्यक समन्वय गरेर काम गर्ने बताए ।

ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले बाढीपछि सडकको अवस्था जोखिमपूर्ण बनेकाले यात्रु तथा स्थानीयवासीलाई सहज आवागमनको व्यवस्था मिलाउन तत्काल काम अघि बढाउनुपर्ने बताए । उनले सडकको दीर्घकालीन सुधारका लागि आवश्यक पहल गर्न गाउँपालिका, नगरपालिका तथा प्रदेश सरकारबीच सहकार्य आवश्यक रहेको बताए ।

अनुगमनपछि क्षतिग्रस्त सडकखण्डमा तत्काल आवश्यक मर्मत तथा व्यवस्थापनको काम सुरु गर्ने निर्णय गरिएको छ । सडकमा थुप्रिएको गेग्रान तथा अवरोध हटाउने, क्षतिग्रस्त भागको मर्मत गर्ने र आवागमनलाई सुरक्षित बनाउने गरी काम अघि बढाइने जनाइएको छ । साथै स्थानीयवासी तथा यात्रुको आवागमनलाई सुरक्षित र सहज बनाउन सम्बन्धित निकायबीच आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिने निर्णय गरिएको छ । बाढी तथा पहिरोबाट क्षति पुगेका अन्य सडक तथा पूर्वाधारको अवस्थाबारे समेत आवश्यक अध्ययन गरी थप मर्मत तथा पुन:स्थापनाका लागि पहल गरिने जनाइएको छ ।

# गलकोट बहुउद्देश्यीय सहकारी संस्था लि.

## गलकोट नगरपालिका वडा नं. ३ को

## १९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

गलकोट बहुउद्देश्यीय सहकारी संस्था लि. गलकोट नगरपालिका वडा नं. ३ हटियाको २०८३ भदौ ८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १९ औं वार्षिक साधारण सभा २०८३ कार्तिक २० गते हुने भएकाले संस्थामा आवद्ध सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि अनुराध गर्दछौं ।

साधारण सभा हुने मिति: ३०८३ कार्तिक २० गते शुक्रबार
समय: बिहान ११:३० बजे
स्थान: संस्थाको प्राङ्गण गनपा ३ हटिया ।

**साधारण सभामा छलफलका विषयहरु :**

- अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
- आर्थिक वर्ष २०८२/८३ को लेखा परिक्षण प्रतिवेदन माथि छलफल सम्बन्धमा ।
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल तथा पारित सम्बन्धमा ।
- आर्थिक वर्ष २०८३/ ८४ को अनुमानित वार्षिक बजेटमाथि छलफल तथा पारित सम्बन्धमा ।
- आर्थिक वर्ष २०८३/ ८४ का लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
- पुरानो सफ्ट्वेयर सम्बन्धि छलफल सम्बन्धमा ।
- निर्णय पुस्तिकामा हस्ताक्षर गर्न साधारण शेयर सदस्यहरु मध्येबाट प्रतिनिधि तोक्ने सम्बन्धमा ।
- विविध सम्बन्धमा ।

वीर बहादुर बोहोरा क्षत्री
सचिव

हरिसिंह भण्डारी
अध्यक्ष

विस्तृत जानकारीको लागि सम्पर्क फोन: ०६८४१२०२३, ०६८४१२०२४
मोबाइल: ९८५७६५०२७९




# शुभकामना




विजया दशमी २०८३ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि तथा दीर्घायुको लागि मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

डम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

फमलाल निउरे
नगर उप-प्रमुख

भरत शर्मा गैरे
नगर प्रमुख

## गलकोट नगरपालिका
गलकोट, बागलुङ

## इन्स्योरेन्स पोलिसी हराएको सूचना

२०८३/०५/१५ गते बागलुङ बजारदेखि गलकोट हटिया बजार आउने क्रममा हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको विमा पोलिसी नं. Pli 1610010660 सहित महत्वपूर्ण कागजात रहेको झोला हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालयमा बुझाइ दिनु हुन अनुरोध छ ।

जीवन साहानी
गलकोट नगरपालिका वडा नं. ७, मल्म, बागलुङ
मोवाइल नं. ९८४७७४४४४४

**कार्यसम्पादनमा...**

नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले गलकोट नगरपालिका जिल्लामै प्रथम हुनु समग्र नगरपालिकाको टिमको मेहनत, जनप्रतिनिधि तथा कर्मचारीको जिम्मेवारीपूर्ण कार्यसम्पादन र नगरवासीको निरन्तर सहयोगको परिणाम भएको बताए । उनले प्राप्त उपलब्धिलाई आगामी दिनमा अझ प्रभावकारी ढंगले काम गर्ने प्रेरणाका रूपमा लिएको उल्लेख गरे ।

नगरप्रमुख गैरेले नगरपालिकाले सेवा प्रवाहलाई नागरिकमैत्री बनाउँदै विकास निर्माण, सुशासन र प्रशासनिक व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । नागरिकका आवश्यकता र अपेक्षालाई केन्द्रमा राखेर नगरको समग्र विकासका लागि आगामी दिनमा थप प्रभावकारी ढंगले अघि बढ्ने उहाँले प्रतिबद्धता व्यक्त गरेका थिए ।

जिल्ला समन्वय समितिका प्रमुख थापाले उत्कृष्ट कार्यसम्पादन गर्ने स्थानीय तह तथा कार्यालयलाई गरिएको सम्मानले सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यसम्पादनमा थप प्रभावकारी काम गर्न प्रोत्साहन पुग्ने अपेक्षा गरिएको बताए ।

गलकोट नगरपालिका जिल्लामै प्रथम स्थान हासिल गर्दै सम्मानित भएपछि नगरपालिकाले उत्कृष्ट कार्यसम्पादनमा योगदान पुऱ्याउने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा निरन्तर सहयोग गर्ने नगरवासीप्रति धन्यवाद ज्ञापन गरेको छ ।

# दीपज्योतिको अध्यक्षमा कार्की

गलकोटपत्र/हटिया

दीपज्योति आधारभुत विद्यालय गलकोट नगरपालिका वडा नं. ७ को विद्यालय व्यवस्थापन समितिको बैठकले अध्यक्षमा मनबहादुर कार्की निर्वाचित गरेको छ ।

गत असोज ६ गते सम्पन्न भेलाले शिक्षा नियमावलीको दशौं संशोधन बमोजिम अभिभावकहरुबाट २ महिला सहित ४ जना प्रतिनिधि छनोट गरेको थियो । समितिको सदस्यमा नरबहादुर थापा मगर, सरस्वति दर्जी, पूजा परियार, शिक्षक प्रतिनिधि तुल बहादुर थापा, वडा सदस्य यशुदा थापा र सदस्य सचिवमा प्रधानाध्यापक वीर बहादुर चोखाल रहेका छन । शिक्षक अभिभावक संघको अध्यक्षमा रुपा सुनार चयन हुनु भएको छ । समितिको सदस्यमा पदमा नेपाली, खिमा परियार, गंगा कार्की, रेनु थापा, छम बहादुर कार्की, माया श्रीस, मिरा खड्का, गोविन्द बि.क. पदेन सदस्य मनबहादुर कार्की र वीर बहादुर चोखाल रहेका छन। उक्त अवसरमा गलकोट नगरपालिका वडा नं ७ का वडा सदस्य यशुदा थापा, विद्यालय व्यस्थापन समितिका सदस्य नरबहादुर थापा मगर र निवर्तमान अध्यक्ष नगेन्द्र बहादुर मल्लले शुभकामना राखेका थिए ।

बैठक विद्यालय व्यवस्थापन समितिका ज्येष्ठ सदस्य मनबहादुर कार्कीको अध्यक्षता, प्रधानाध्यापक वीर बहादुर चोखालको सहजीकरण र शिक्षक तुल बहादुर थापाको सञ्चालनमा सम्पन्न भएको थियो ।

# मानव सेवा आश्रमलाई सहयोग

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्वर ६ भुजुङ्गे निवासी कमला श्रीस तथा श्रीस परिवारले आफ्ना दिवंगत सासु, ससुरा तथा श्रीमानको स्मृतिमा मानव सेवा आश्रम निरयघाट, बागलुङमा भोजन सेवा तथा नगद सहयोग प्रदान गरेका थिए ।

कमला श्रीसका आफ्ना ससुरा नरबहादुर श्रीस, सासु मनभुजा श्रीस र श्रीमान् लक्ष्मी प्रसाद श्रीसको तिथिको अवसर पारेर मानव सेवा आश्रममा रहेका आश्रित व्यक्तिहरूलाई भोजन सेवा उपलब्ध गराएका थिए ।

दिवंगत आफन्तहरूको सम्झनामा परम्परागत रूपमा गरिने पुण्यकार्यलाई सेवामूलक कार्यसँग जोड्दै उहाँले आश्रममा पुगेर भोजन सेवा अर्पण गरेका थिए ।

मानव सेवा आश्रममा रहेका करिब ४२ जना व्यक्तिलाई श्रीस परिवारले भोजन गराउनुभएको थियो । आश्रममा आश्रित असहाय, बेसहारा तथा सहयोगको आवश्यकता रहेका व्यक्तिहरूलाई भोजन गराउँदै परिवारले दिवंगत आफन्तहरूप्रति श्रद्धा तथा सम्मान व्यक्त गरेका थिए ।

भोजन सेवासँगै कमला श्रीस तथा श्रीस परिवारले मानव सेवा आश्रमलाई नगद २० हजार १ सय रुपैयाँ समेत सहयोग गरेका थिए । आश्रममा रहेका व्यक्तिहरूको पालनपोषण तथा सेवामा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त रकम सहयोग गरिएको बताए ।

मानव सेवा आश्रमले परिवार तथा विभिन्न व्यक्ति, संघसंस्था र शुभेच्छुकबाट प्राप्त सहयोगका माध्यमबाट आश्रममा आश्रित व्यक्तिहरूको खाना, बसोबास तथा आवश्यक सेवाहरू व्यवस्थापन गर्दै आएको छ । श्रीस परिवारले गरेको सहयोगले पनि आश्रमको नियमित सेवामा केही सहजता पुग्ने अपेक्षा गरिएको छ ।

# गलकोटमा विश्व हुलाक दिवस

गलकोटपत्र/हटिया

एक हुलाक सञ्जाल: अनगिन्ती सम्भावनाहरू) भन्ने नाराका साथ १ सय ५२औं विश्व हुलाक दिवस गलकोट हुलाक कार्यालय हटिया, बागलुङको आयोजनामा विविध कार्यक्रम गरी सम्पन्न गरिएको छ ।

'स्वच्छ वातावरणले कार्यमा सकारात्मक ऊर्जा दिन्छ' भन्ने मान्यताका साथ कार्यालय परिसर सरसफाइ कार्यक्रम गरी दिवसको सुरुवात गरिएको थियो। कार्यक्रममा हुलाक सेवा अब केवल चिठीपत्र वितरणमा मात्र सीमित नरहेको कुरामा जोड दिइएको छ ।

पछिल्लो समय हुलाक कार्यालयमार्फत देश तथा विदेशमा पार्सल सेवा, इएमएस, टिकट बिक्रीका साथै टेलिभिजन र एफएम रेडियो अनुगमनलगायतका सेवाहरू सञ्चालन हुँदै आएका छन् ।

कार्यक्रममा बोल्दै गलकोट हुलाक कार्यालय बागलुङका कार्यालय प्रमुख नरेश वलीले हाल सरकारको शासकीय सुधार योजनाअन्तर्गत नेपाल हुलाक सेवालाई 'गभर्नमेन्ट कुरियर' को रूपमा विकास गरिएको जानकारी दिए । यस सेवामार्फत नागरिकका सरकारी कागजातहरू घरदैलोमै पुगेर वितरण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइएको छ। यसै क्रममा यस कार्यालयमार्फत हालसम्म ५५ थान राहदानी (पासपोर्ट) सेवाग्राहीको घरदैलोमै पुगेर वितरण गरिएको कार्यालय प्रमुख वलीले बताए ।

विशेष गरी पुलिन्दा/पार्सल र गभर्नमेन्ट कुरियर सेवा का बारेमा आम सर्वसाधारण जनतालाई विस्तृत रूपमा सूचित गर्ने उद्देश्यले अन्तरक्रिया तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको गलकोट हुलाक कार्यालयले जनाएको छ ।

# चमुवा आविमा छात्रवृत्ति वितरण

गलकोटपत्र/हसिटया

गलकोट नगरपालिका ०४ चमुवा आधारभूत विद्यालयमा स्वर्गीय थमलाल सुवेदी अक्षय कोष छात्रवृत्ति वितरण तथा बडादसैं, तिहार, छठ र नेपाल संवत् ११४७ को शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा स्वर्गीय थमलाल सुवेदीकी श्रीमती लक्ष्मी सुवेदीले विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका तथा जेहेन्दार आठ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेका थिए । उनले प्रतिविद्यार्थी १ हजार २ सय रुपैयाँका दरले कापी, कलम, तथा ज्यामिति बक्सलगायतका शैक्षिक सामग्री प्रदान गरेका हुन । विद्यार्थीलाई अध्ययनमा प्रोत्साहन गर्ने उद्देश्यले उक्त सहयोग गरिएको बताइएको छ । कार्यक्रममा बोल्दै विद्यालय व्यवस्थापन समितिका सदस्य खिमलाल सुवेदीले छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोगले विद्यार्थीको अध्ययनमा सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रममा विद्यालयका विद्यार्थीहरूले शुभकामना मन्तव्य तथा नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका सदस्य खिमलाल सुवेदीको अध्यक्षता, प्रधानाध्यापक नवीन सुवेदीको शुभकामना मन्तव्य, शिक्षक कल्पना गौतम सुवेदीको स्वागत मन्तव्य र शिक्षक भावना के.सी.को सञ्चालनमा सम्पन्न भएको थियो ।

**बलिप्रथा...**

। यस्ता अभ्यासले मानिसको समानता, सम्मान र सामाजिक सहभागितामा असर पारेको छ । पशुबलिको समीक्षा गर्दा पशुहत्याको नैतिक पक्षसँगै त्यससँग गाँसिएका सामाजिक मान्यता र विभेदलाई पनि ध्यान दिनुपर्छ । धर्म वा परम्पराको नाममा कुनै समुदायलाई हीन ठहराउने व्यवहारको आलोचनात्मक समीक्षा आवश्यक छ ।

कतिपय स्थानमा पशुबलि दिनुअघि पशुको टाउको वा कानमा पानी हाल्ने चलन छ । पानी परेपछि पशुले टाउको हल्लाएर वा शरीर झट्कारेर पानी हटाउने प्रयास गर्छ । तर यही स्वाभाविक प्रतिक्रियालाई देवीदेवताले बलि स्वीकार गरेको संकेतका रुपमा व्याख्या गरिन्छ । पानीका कारण पशुको शरीरमा उत्पन्न असहजता हटाउने प्रतिक्रिया सामान्य जैविक प्रक्रिया हो । त्यसलाई दैवी स्वीकृतिको प्रमाण मान्न सकिँदैन ।

मानिसको नाकमा सिन्का हाल्यो भने हाछ्युँ आउनु शारीरिक प्रतिक्रिया हो त्यसलाई दैवी संकेत मानिँदैन । त्यसैगरी पशुले पानी झट्कार्नु पनि स्वाभाविक प्रतिक्रिया हो, देवीदेवताको इच्छाको प्रमाण होइन ।

अन्त्यमा, पशुबलिको पछाडि प्राचीन मानवको भय, कृतज्ञता, असुरक्षा, सामुदायिक परम्परा र मनोवैज्ञानिक विश्वास जस्ता कारण हुन सक्छन् । विज्ञान र प्रविधिको ज्ञान सीमित भएको समयमा प्राकृतिक विपत्ति, रोग र मृत्युको सामना गर्न मानिसले काल्पनिक अदृश्य शक्तिलाई प्रशन्न पार्ने प्रयास गर्नु अस्वाभाविक थिएन

विज्ञान र ज्ञानको विकाससँगै मानिसले प्राकृतिक घटनालाई बुझ्ने तरिका परिवर्तन गरेको छ । त्यसैगरी धार्मिक परम्पराको उत्पत्ति बुझ्दै वर्तमानमा त्यसको औचित्यबारे प्रश्न गर्नु आवश्यक छ । पुस्तौँदेखि चलिआएको वा धेरै मानिसले स्वीकार गरेको अभ्यासलाई अन्धभक्त भएर स्वीकार गर्नु हुँदैन । प्रश्न गर्न गर्नु पर्दछ ।

धर्मको अभ्यास हिंसाभन्दा जीवनप्रतिको सम्मान, कमजोर प्राणीप्रति करुणा र सामाजिक समानताको प्रवर्द्धन आधारित हुनुपर्छ । पशुको हत्या गरेर पुण्य प्राप्त गर्ने अपेक्षाभन्दा आफ्ना दुर्गुण त्याग्नु, सत्य र सदाचारको अभ्यास गर्नु तथा अरूप्रति दयालु हुनु बढी सार्थक धार्मिक आचरण हुन सक्छ ।

परम्परा पुरानो हुँदैमा सत्य हुँदैन र धार्मिक आस्थाका नाममा गरिने हरेक अभ्यास स्वतः उचित हुँदैन । तथ्य, विवेक, करुणा र नैतिक जिम्मेवारीका आधारमा परम्पराको समीक्षा गर्दै हिंसाको सट्टा अहिंसा, सदाचार र मानवतालाई प्राथमिकता दिनु पर्दछ । अन्ततः मानिसले आदिम युगको चेतनाको स्तरमा काल्पनिक देवीदेवताको डर र अन्धविश्वासमा आधारित समाज बनाउने कि विवेक, करुणा र मानवतामा आधारित समाज निर्माण गर्ने भन्ने प्रश्न महत्वपूर्ण छ । परम्पराको सकारात्मक पक्ष जोगाउँदै हानिकारक अभ्यास सुधार गर्नु पर्दछ । त्यसैले आउँदै गरेको दसैंलाई पशुपक्षीको बलिरहित, शान्तिपूर्ण, करुणामय, काल्पनिक देवीदेवता, अन्धविश्वास मुक्त र विवेकपूर्ण पर्वका रूपमा मनाऔँ । दसैंको हार्दिक शुभकामना !

शाभारः ढोरपाटन

**यौनजन्य...**

रोग व्यापक रुपमा फैलिरहेको छ । यौन रोग असुरक्षित यौन सम्पर्कको प्रमुख सूचक हो । कुनै देशमा यौन रोग कति व्यापक छ भन्ने तथ्यांकले त्यस देशमा कति असुरक्षित यौन सम्पर्क हुने गर्छ भन्ने झल्काउँछ । यौन क्रियाकलापमा सक्रिय १५ देखि ४९ वर्ष उमेर समूहका व्यक्तिहरुमा यौन रोग हुने अत्यधिक जोखिम समूहमा पर्छन् । यस्तै १५ देखि २५ वर्ष समूहका युवा युवतीमा सबैभन्दा जोखिम समूह हो । यो रोगको लक्षण पुरुषमा चाँडै र महिलामा ढिला देखिन सक्छ । यौन रोगबाट बच्ने उपाय अन्य संक्रामक रोगहरु जस्तैः यौन रोग हावा, पानी, खानाबाट सर्ने रोग हैन । यौन रोग नचाहँदा–नचाहँदै सर्दैन । यो मुख्यतः जोखिमपूर्ण असुरक्षित यौन व्यवहारबाट सर्छ । सुरक्षित यौन व्यवहारले यौन रोग सजिलै बच्न सकिन्छ जस्तैः पतिपत्नी वा एक जना विश्वासिलो यौन रोग नभएको यौन साथीसँग मात्र यौनसम्पर्क राख्नु पतिपत्नी वा विश्वासिलो यौन साथीबाहेक अरुसँग यौन सम्पर्क राख्दा सही तरिकाले कण्डमको प्रयोग गर्ने, असुरक्षित यौन सम्पर्क हुँदा वा यौन रोगको शंका लाग्नासाथ तुरुन्तै जँचाउने र स्वास्थ्यकर्मीले बताएअनुसार पूरा औषधि खाने, आफ्नो यौन साथीको पनि उपचार गराउने, अपूरो उपचारले यौन रोग पुनः बल्झिन सक्छ । अविवाहित युवायुवतीले सकभर यौन सम्पर्क नगर्ने निर्मलीकरण नगरेको सुई औजार उपकरण प्रयोग नगर्ने, जाँचेको रगत वा रगतबाट बनेको पदार्थको मात्रै प्रयोग गर्ने, यौन र यौन रोगको बारेमा संकोच लाज नमानेर जानकारी लिने, सुरक्षित यौन व्यवहार अपनाउने, यौन अंगको नियमित सरसफाई गर्ने, यौन रोगको रोगथाम नियन्त्रण र उपचारका सिद्धान्तहरु रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु सर्वोत्तम हो ।

यसका लागि सुरक्षित यौन व्यवहार अपनाउनु पर्छ । जोखिम व्यवहार भए वा आफू जोखिममा परेको शंका लागेमा तुरुन्तै जँचाउनु पर्छ । यौन रोग उपचार नगरी निको हुँदैन लक्षण हराएर गए पनि औषधि नगरी पूरा निको हुँदैन । यौन रोगको उपचार सधैँ तालिमप्राप्त वा स्वास्थ्यकर्मीबाट गराउनु पर्छ । दिएको औषधि पूरा मात्रामा नियमित सवेन गर्नुपर्छ ।

पूर्ण निको हुन दिन र फेरि दोहोर्याएर संक्रमण हुन नदिन यौन साथीको पनि उपचार गराउनु पर्छ । सुरुमै शंका लागेमा यौन रोगको उपचार तुरुन्त गराउनु पर्छ । कैयौं एस्टिडीज् रोग शुरुमै पहिचान गर्न सकियो भने सफलतापूर्वक उपचार गर्न सकिन्छ ।

## बाढीपहिरोले सडक पूर्वाधारमा क्षति

गलकोटपत्र/बागलुङ

बागलुङमा बाढी पहिरोबाट मानवीय क्षति सगै ठूलो भौतिक क्षति समेत भएको छ ।

१३ जनाको ज्यान गएको पछिल्लो विपद्मा मुख्य सडकहरुमा मात्रै रु. ५0 करोडको क्षति पुगेको छ । असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोबाट बागलुङमा सबैभन्दा बढी क्षति सडक पूर्वाधारमा पुगेको छ ।

सडक डिभिजन कार्यालय अर्न्तगतका राष्ट्रिय र सहायक राजमार्ग तथा पूर्वाधार विकास कार्यालय अर्न्तगतका प्रदेशस्तरीय सडक पूर्वाधारमा बाढी पहिरोका कारण रु. ५0 करोडको क्षति आकलन गरिएको छ । उक्त सडकलाई दीर्घकालिन समाधान गर्न रु.एक अर्ब भन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ । सबैभन्दा बढी क्षति मध्यपहाडी लोकमार्गको निसी र गलकोट खण्ड र प्रदेश सरकार अर्न्तगतको गलकोट–हरिचौर–ताराखोला खण्डमा ठूलो क्षति पुगेको छ । सडक डिभिजन कार्यालय बागलुङका प्रमुख हरी सुवेदीका अनुसार सडक डिभिजन कार्यालय अर्न्तगतको कालीगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग, बागलुङ–बेनी सडक लगायतका राजमार्गमा रु.३0 करोडको क्षति भएको बताए ।

मध्यपहाडी लोकमार्गको निसीखोलाको कानाबगर र झिवाखोला क्षेत्रमा ४ सय मिटर सडकको ट्र्याकनै बगाएर बगरमा परिणत भएको छ । यस्तै घोडाबाधेदेखि हटिया सम्मको लोकमार्गको सडक समेत एक दर्जन भन्दा बढी स्थानमा पहिरो गएको र भाँसिएको छ ।

कालीगण्डकी करिडोरको कालाखोला बगर, बेलबगर र जैमिनीघाट लगायतमा पहिरोले क्षति बनाएको छ । “रु. ३0 करोडको सडक पूर्वाधारमा क्षति बनाएको आकलन गरेका छौं, पुलको पहुँचमार्गदेखि कालोपत्र सडक, सडकको ट्र्याक तथा पहिरो लगायतमा बढी क्षति भएको छ, दिर्घकालिन समाधान सहित पुरानै अवस्थामा ल्याउन रु.५0 करोड सडक डिभिजन अन्तरगतका मुख्य राजमार्गमा खर्च लाग्ने देखिन्छ” डिभिजन प्रमुख हरी सुवेदीले बताए । बागलुङ बजारहुँदै सिगाना जाने सडक तथा बागलुङ बजारदेखि तित्याङ जाने सडकमा समेत पहिरोले क्षति पुर्‍याएको छ । यस्तै पूर्वाधार विकास कार्यालय बागलुङको प्रारम्भिक तथ्याङ्क अनुसार प्रदेश सरकार मातहतमा काम भइरहेका क्षेत्रीय सडकहरुमा रु. २0 करोडको क्षति भएको अनुमान गरिएको छ ।

कार्यालयका प्रमुख अनुप थापाका अनुसार सबैभन्दा बढी क्षति हरिचौर–ताराखोला सडकमा भएको बताउनुभयो । उहाँले ८ किमि सडकमा एक दर्जन ठाउँमा पहिरो र तीन ठाउँमा ताराखोलाले कालोपत्र सडकको ट्र्याकनै बगाएर ठूलो क्षति बनाएको बताए । शालिग्राम संग्रहालय–मालिका–पञ्चकोट सडक तथा कुश्मिसेरा–राङ्खानी सडकमा समेत क्षति पुगेको छ ।

जिल्लामा बाढीपहिरोबाट सबैभन्दा धेरै क्षति सडक पूर्वाधारमा भएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए । उनका अनुसार खोला किनारबाट बनेका पक्की सडकहरु बगर बनेको बताए

अहिले तत्काल सडक सुचारु गर्ने योजना अनुसार करिडोर तथा मध्यपहाडी लोकमार्ग र सडक सम्पर्क टुटेको ताराखोलामा शहिदमार्ग खुलाइएको प्रजिअ आचार्यले बताए । बाढी पहिरोका कारण ६ वटा सिँचाइ योजना, २00 बढी सिँचाइ कुलो, दर्जन बढीमा तटबन्धन बगाएको छ । यस्तै खानेपानीका १६ योजनामा क्षति पुगेको छ ।

## रिघामा श्रद्धाञ्जली सभा

गलकोटपत्र/हटिया

नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नं. ११ को श्रद्धाञ्जली सभा सम्पन्न भएको छ ।

नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नं. ११ का पार्टी सदस्य सोम बहादुर भुजेलका बुवा तथा सुमित्रा भुजेलका ससुरा बुवा टेक बहादुर भुजेलको पाँचौ दिनको पूण्य तिथिको अवसरमा श्रद्धाञ्जली सभा सम्पन्न भएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति सदस्य झविलाल चालिसेले समवेदना पत्र वाचन गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति सदस्य नारायण घर्तीले शोक मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रम पार्टीका वडा समिति अध्यक्ष तिल बहादुर श्रीसको अध्यक्षता र सचिव पूर्ण बहादुर थापाको सञ्चालनमा सम्पन्न भएको थियो ।

स्व. भुजेलको गत असोज १४ गते ७८ वर्षको उमेरमा निधन भएको थियो ।

# साहित्य सिर्जना

## दशैको शुभकामना

– पुण्डरी अर्याल

बादल छाटिदै छ, बर्षा मन्थर भैरहेको छ
रात छिपिदै क्षितिजमा लाली चढीरहेको छ
धानका बाला झुलेर, नवदुर्गा आइरहेको छ
नाकाबन्दी भएपनी दशैँ नजिकै आएको छ
ऐलेको दशैँ यस्तै रुखा सुखा भएपनि मानौ है
दुर्गा पुजा गरि आगौ साल भब्य मनाउला है
देशमा राष्ट्रबाद पलाउन थाल्दा मन नदुखाउ
अभावसित बाचेर भएपनि अस्तित्व जोगाउ
छिमेकी दुष्ट परेपछी , घरमा बिभिषण भएसी
दुख त हामीले पाउनै थियो, यिनलाई नचिनेसी
तै पनि दशैँ आइसक्यो !
शुभकामना नदिइ कसरि बस्न सकिएला
कमसेकम सकारात्मक त सोच्न सकिएला
नवदुर्गा भवानीले प्रेम र सद्भाव जन्मियोस
हामी सम्पूर्णमा व्देष रिस राग मिटेर जाओस
दुर्गा ज्योति आभाले सबैको बिकार जलाओस
बन्धु बान्धवको भावना मनमा सधै आओस
शुखी एबम स्वास्थ जीवन सधैभरी आओस !

## गजल

– सरोज आचाय

चल्छ हुरि बतास सहनुपर्छ
गरिबले नभएर पनि त वास सहनुपर्छ ।

उसले मायाको परीक्षा लिइ ,राम्रो गरि
नभएर पनि त पास सहनुपर्छ ।

मैंले उसको खुसीमानै आफ्नो खुसी देख्छु,
म उसको नभएर पनि त खास सहनुपर्छ ।

धनि छु भन्दैमा नहेपनुस गरिबलाइ महोदय,
कहाँ लेखिएको छ र गरिब हो भएर दास सहनुपर्छ ।

कसैलाइ पैसामा सुत्ने बानी परिसकेछ,
महोदय, गास,वास, कपास सहनुपर्छ ।

## खेलकुद प्रशिक्षण कार्यक्रम

गलकोटपत्र/हटिया

गलकोटमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई लक्षित गर्दै दुई दिने खेलकुद प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला खेलकुद विकास समिति बागलुङको आयोजनामा गलकोट माध्यमिक विद्यालयमा आजदेखि राष्ट्रपति रनिङ शिल्डअन्तर्गतका विभिन्न खेलको नियम, प्राविधिक पक्ष तथा खेल सञ्चालनसम्बन्धी प्रशिक्षण सम्पन्न भएको हो ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित, प्रभावकारी र प्रतिस्पर्धात्मक बनाउने तथा विद्यालय तहदेखि नै दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रशिक्षण कार्यक्रम आयोजना गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कृष्ण प्रसाद कडेलले जानकारी दिनुभयो । उहाँका अनुसार बागलुङ जिल्लाका सबै पालिकाका राष्ट्रपति रनिङ शिल्ड विजेता विद्यालयमा क्रमशः यस्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

प्रशिक्षणका क्रममा विद्यार्थीहरुलाई सम्बन्धित खेलका नियम, खेल खेल्ने विधि, प्राविधिक पक्ष तथा प्रतियोगिताका क्रममा अपनाउनुपर्ने अनुशासन लगायतका विषयमा जानकारी गराइएको छ । कार्यक्रममा उसु, कबड्डी, एथ्लेटिक्स र भलिबललगायतका खेलमा विद्यार्थीहरुलाई प्रशिक्षण दिइरहेको छ ।

उसुतर्फ डिलबहादुर किसान, कबड्डीतर्फ सन्दीप पन्त, एथ्लेटिक्सतर्फ महेन्द्र खड्का तथा भलिबलतर्फ कृष्ण शेरचन र दोर्ण कार्कीले विद्यार्थीहरुलाई सहजीबरण गरेका थिए । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कृष्ण कँडेलले मार्चपास तथा पीटीको अभ्यास गराइएको थियो ।

विद्यालय तहबाटै खेलाडीको क्षमता पहिचान गरी उनीहरुलाई आवश्यक प्रशिक्षण र अवसर प्रदान गर्न सके जिल्लाका लागि सक्षम खेलाडी उत्पादन गर्न सकिने जिल्ला खेलकुद विकास समितिका कोषाध्यक्ष योगेश भण्डारीले बताए । राष्ट्रपति रनिङ शिल्डमा सहभागी हुने विद्यार्थीलाई प्रतियोगिताको तयारीसँगै खेलका आधारभूत नियम र प्राविधिक ज्ञान प्रदान गर्ने कार्यक्रमको उद्देश्य रहेको आयोजकले जनाएको छ ।

गलकोटमा सुरु भएको प्रशिक्षण कार्यक्रमपछि जिल्लाका अन्य पालिकाका राष्ट्रपति रनिङ शिल्ड विजेता विद्यालयमा पनि क्रमशः प्रशिक्षण सञ्चालन गरिने जिल्ला खेलकुद विकास समितिले जनाएको छ ।

# खड्गकोट मन्दिरको बैठक

गलकोटपत्र/हटिया

खड्गकोट मन्दिर व्यवस्थापन समिति गलकोट नगरपालिका वडा नम्बर २, जस्पुर नरेठाँटीको बैठक सम्पन्न भएको छ ।

बैठकले खड्गकोट मन्दिरको भवन (सत्तल) निर्माण कार्यलाई अघि बढाउन विदेश विभाग आर्थिक उपसमिति गठन गरेको छ ।

जापानमा कार्यरत ईश्वर कार्कीको संयोजकत्वमा गठन गरिएको आर्थिक उपसमितिले विदेशमा रहेका नेपालीहरूबाट आर्थिक सहयोग संकलन गरी मन्दिरको सत्तल निर्माणमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ । उपसमितिको सदस्यमा अष्ट्रेलियामा कार्यरत सुरज कार्की, जापानमा कार्यरत रमेश खत्री, तिलक कार्की, हिराबहादुर खत्री, काजी खत्री, कृष्णबहादुर वि.क., अमेरिकामा कार्यरत अर्जुन खत्री र छविलाल सुनार रहेका छन ।

मन्दिरको धार्मिक तथा सास्कृतिक महत्वलाई संरक्षण गर्दै आवश्यक भौतिक संरचना निर्माण गर्ने उद्देश्यले आर्थिक सहयोग जुटाउने पहल गरिएको हो । विदेशमा रहेर पनि आफ्नो गाउँ, समाज र धार्मिक सम्पदाको विकासमा योगदान गर्न इच्छुक व्यक्तिहरूलाई समेटेर उपसमिति गठन गरिएको जनाइएको छ । उपसमितिले विदेशमा रहेका नेपालीहरूसँग समन्वय गरी सत्तल निर्माणका लागि आवश्यक आर्थिक स्रोत जुटाउन भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

यसैबीच, बैठकको अवसरमा खड्गकोट मन्दिरको सत्तल निर्माणका लागि नि:शुल्क जग्गा समेत प्राप्त भएको छ । स्वर्गीय कर्णबहादुर कार्कीको स्मृतिमा उहाँका छोरा-बुहारी वीर डम्बरी कार्कीले सत्तल निर्माणका लागि ८ हात लम्बाइ र ७ हात चौडाइको जग्गा नि:शुल्क उपलब्ध गराएका छन ।

मन्दिर परिसरमा मौला निर्माणका लागि स्वर्गीय बमबहादुर कार्कीको स्मृतिमा उहाँका छोरा-बुहारी कृष्ण चन्द्रकुमारी कार्कीले पनि चार हात नि:शुल्क जग्गा उपलब्ध गराएकी छन । धार्मिक तथा सामाजिक कार्यमा योगदान पुऱ्याउने उद्देश्यले उक्त परिवारले जग्गा उपलब्ध गराएको मन्दिर व्यवस्थापन समितिका सचिव राम थापाले जानकारी दिए । मन्दिरको सत्तल तथा मौला निर्माणका लागि जग्गा प्राप्त हुनुले निर्माण कार्यलाई अघि बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

धार्मिक आस्था र स्थानीय पहिचानसँग जोडिएको खड्गकोट मन्दिरको विकास, संरक्षण तथा व्यवस्थापनका लागि स्थानीयवासी, दाताहरू र विदेशमा रहेका नेपालीहरूको सहयोग महत्वपूर्ण रहने मन्दिर व्यवस्थापन समितिले जनाएको छ । जग्गा दान तथा आर्थिक सहयोग जुटाउने पहलले मन्दिरको भौतिक संरचना निर्माणमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

बैठक मन्दिर व्यवस्थापन समितिका अध्यक्ष जितबहादुर खत्रीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# रत्न लक्ष्मीमा विव्यस गठन

गलकोटपत्र/हटिया

रत्न लक्ष्मी माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नं. ११ को विद्यालय व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ । बैठकमा विद्यालयको समग्र शैक्षिक प्रगतिको समीक्षा तथा आगामी दिनमा शैक्षिक गुणस्तर सुधार गर्ने विषयमा छलफल गरिएको थियो ।

गत शैक्षिक सत्रमा गलकोट नगरपालिकाभित्र उत्कृष्ट नतिजा हासिल गर्न सफल भएकोमा सम्बन्धित शिक्षकलाई बधाई तथा सम्मान गरिएको थियो । यस्तै, विद्यालयका विभिन्न विषयगत शिक्षकबाट शैक्षिक अवस्थासहितको रिपोर्टिङ प्रस्तुत गरी उपलब्धि, चुनौती तथा सुधारका उपायका विषयमा छलफल गरिएको विद्यालयले जनाएको छ ।

बैठकमा विद्यालयमा रहेका भौतिक सामग्री तथा शैक्षिक सामग्रीको तथ्याङ्क संकलन गर्ने, उपलब्ध स्रोतसाधनको उचित व्यवस्थापन गर्ने तथा विद्यालयको शैक्षिक र भौतिक पक्षलाई थप व्यवस्थित बनाउने विषयमा समेत छलफल भएको थियो । त्यसैगरी आउँदै गरेको विजया दशमी तथा शुभदीपावलीको अवसरमा शुभकामना आदानप्रदानसमेत गरिएको थियो । कार्यक्रममा गलकोट नगरपालिका वडा नं ११ का वडा अध्यक्ष डम्मर बहादुर श्रीसले पछिल्लो समय विद्यालयले शैक्षिक नतिजामा उल्लेखनीय सुधार आएको बताउँदै आगामी दिनमा अझ उत्कृष्ट नतिजा हासिल गर्न शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा समुदाय सबैको सहकार्य आवश्यक रहेको बताउनुभयो ।

बैठक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामप्रसाद पुनको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक तुलबहादुर श्रीसको सञ्चालनमा सम्पन्न भएको थियो ।

# आधारभूत कम्प्युटर तालिम

गलकोटपत्र/हटिया

गलकोट सामुदायिक सिकाइ केन्द्रको आयोजनामा शिक्षक-शिक्षिकाका लागि सञ्चालन गरिएको ९० घण्टे आधारभूत कम्प्युटर प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

गलकोट नगरपालिका वडा नं. ३ र ८ मा रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापनरत शिक्षक-शिक्षिकालाई लक्षित गरी सञ्चालन गरिएको प्रशिक्षण कार्यक्रम गलकोट नगरपालिका-३ स्थित गलकोट माध्यमिक विद्यालयमा एक कार्यक्रमका बीच सम्पन्न भएको हो ।

प्रशिक्षण समापन कार्यक्रममा बोल्दै गलकोट नगरपालिकाका नगर उपप्रमुख फमलाल निउरेले २१औँ शताब्दीमा शिक्षक-शिक्षिकाले आधुनिक प्रविधिसम्बन्धी ज्ञान र सीप हासिल गर्न आवश्यक रहेको बताए । उनले आधार भूत कम्प्युटर प्रशिक्षणले शिक्षकहरूलाई शिक्षण सिकाइ प्रक्रियामा प्रविधिको प्रयोग गर्न तथा कक्षाकोठामा अध्यापनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।कार्यक्रममा कालिलेक सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष चन्द्रदत्त रेग्मी, गलकोट माध्यमिक विद्यालयका प्रधानाध्यापक रामबहादुर खत्री, प्रशिक्षक नवीन चालिसे, महिला प्रशिक्षार्थीको तर्फबाट यमकुमारी चालिसे गौतम, पुरुष प्रशिक्षार्थीको तर्फबाट तिलाराम चालिसेले मन्तव्य व्यक्त गरेका थिए । आधारभूत कम्प्युटर प्रशिक्षणले शिक्षक-शिक्षिकाको प्रविधिसम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्नुका साथै शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कार्यक्रम गलकोट सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष पदम श्रेष्ठको अध्यक्षता, केन्द्रका सदस्य गुमानसिंह खत्रीको स्वागत र सदस्य खिम साहानीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# विपद् संकटग्रस्त क्षेत्र घोषणा

गलकोटपत्र/हटिया

नेपाल सरकारले गत असोज ११ गतेको बाढीपहिरोबाट अपूरणीय धनजनको क्षति पुगेका बागलुङका विभिन्न स्थानीय तहलाई 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरेको छ । बाढीपहिरोले ठूलो क्षति पुऱ्याएका क्षेत्रको पुनर्निर्माण र राहत वितरणलाई तीव्र बनाउने उद्देश्यले सरकारले जिल्लाका ४ स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको हो । बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्यका अनुसार बागलुङको बडिगाड गाउँपालिका, , ताराखोला गाउँपालिका, निसीखोला गाउँपालिकाका वडा नम्बर ४ र ६, तमानखोला गाउँपालिकाका वडा नम्बर २ र ४ वडा विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ

गत असोज ११ गते आएको बाढीपहिरोमा परी बागलुङमा १३ जनाले ज्यान गुमाएका थिए । मृत्यु हुनेमा निसीखोला गाउँपालिकाका ५ जना, तमानखोला गाउँपालिकाका ५ जना र ताराखोला गाउँपालिकाका ३ जना रहेका छन् । यस्तै बडिगाड गाउँपालिकामा हावाहुरीका कारण सयौ घरको छाना उडाएको छ । बाढीपहिरोका कारण सबैभन्दा बढी क्षति निसीखोला गाउँपालिकामा भएको छ । प्रारम्भिक विवरण अनुसार यस पालिकामा मात्रै करिब ३९ वटा घरमा पूर्ण तथा आंशिक क्षति पुगेको छ । त्यसैगरी, बाढीले गाउँपालिकाभित्रका विद्युत आयोजना, नहर, पुल, विद्यालय भवन तथा आधारभूत अस्पतालमा समेत ठूलो क्षति पुऱ्याएको छ । सरकारले यी क्षेत्रलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेसँगै अब प्रभावित क्षेत्रमा पुनरुत्थान, राहत वितरण र भौतिक संरचना पुनर्निर्माणको कामले गति लिने बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्यले बताए ।

# जनहित कला केन्द्रको बैठक

गलकोटपत्र/हटिया

जनहित कला केन्द्र गलकोट नगरपालिका वडा नं. ७ मल्मको बैठक सम्पन्न भएको छ ।

बैठकले तिहारे मेला आगामी कार्तिक १७ गतेदेखि २० गतेसम्म विविध खेलकुद तथा साँस्कृतिक कार्यक्रम गरी मनाउने निर्णय गरेको छ ।

मेलाको अवसरमा खुल्ला वडा स्तरिय पुरुष भलिबल प्रतियोगिता, खुल्ला वडा स्तरिय भुपु पुरुष भलिबल प्रतियोगिता, सामुहिक नृत्य, तिहारे भाइमाला उन्ने, सोरठी भैलो प्रदर्शन, नौमति बाजा प्रदर्शन लगायतका कार्यक्रमको आयोजना गर्ने निर्णय गरिएको छ ।

संस्थाले कार्तिक २२ गतेदेखि समूहगत देउसी भैलो कार्यक्रम समेत सञ्चालन गर्ने जनाएको छ । बैठक केन्द्रका अध्यक्ष सरोज थापाको अध्यक्षता र सहसचिव कमला थापाको सञ्चालमा सम्पन्न भएको थियो ।


## मितव्ययी रूपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउँदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसमान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सदभावमा हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## व्यापार व्यवसाय सम्बन्धी अत्यावश्यक जानकारी

१ नगरपालिका भित्र व्यापार व्यवसाय सञ्चालन गर्नु पूर्व नगरपालिकामा दर्ता गरेर मात्र व्यापार व्यवसाय गर्ने पद्धतिको विकास गरौं ।

२ दर्ता भएका व्यापार व्यवसायहरुको प्रत्येक वर्ष नियमानुसारको दस्तुर तिरी समयमा नै नविकरण गरीथप दस्तुर तिर्नबाट बचौं ।

३ सम्पत्ति तथा भूमि सम्बन्धी कर अनिवार्य रुपमा पौष मसान्त भित्र चुक्ता गरौं ।

४ घर भाडामा प्रयोग गर्ने दिइएका घर धनीले नियमानुसार लाग्ने घरभाडा वापतको रकम समयमा नै चुक्ता गरौं ।

५ नगरभित्र फुटपाथ तथा घुम्ती व्यापार गर्नु पूर्व नगरपालिकाको स्वीकृति लिएरमात्र गरौं ।

६ सबै प्रकारका कर दस्तुर र सेवा शुल्क वापतको नगरपालिकामा बुझाउनुपर्ने रकम पौष मसान्त भित्र चुक्ता गरेर थप दस्तुर र जरिवाना तिर्नबाट बचौं ।

७ समयमै कर तिरौं, समृद्ध नगर निर्माण गर्ने कार्यमा हामी सबैले योगदान गरौं ।

गलकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गलकोट, बागलुङ


गलकोट सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित गलकोटपत्र साप्ताहिकका लागि : अध्यक्ष-विरेन्द्र श्रेष्ठ, सम्पादक- दिनेश पन्त, व्यवस्थापक- शर्मिला रोका मगर, कार्यकारी सम्पादक-वीरबहादुर चोखाल (९८५७६२५४४५) कम्प्युटर- सुमित कुँवर, ९८५७६२२३७२, कार्यालय : गलकोट नगरपालिका-३, हटिया, फोन नं.: ०६८-४१२०४२, ४१२०४३, ईमेल-galkotpatra@gmail.com, मुद्रण: नमुना अफसेट प्रेस, बागलुङ